# दूरसञ्चार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावनाः** दूरसञ्चार सेवालाई प्रतिस्पर्धी, भरपर्दो, सुरक्षित र सर्वसुलभ बनाउन तथा त्यस्तो सेवालाई प्रभावकारी रुपमा नियमन गर्न दूरसञ्चार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दूरसञ्चार ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले दफा २६, २८ वा २९ बमोजिम अनुमतिपत्र पाएको व्यक्ति सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनु पर्छ।

(ग) "एकीकृत अनुमतिपत्र" भन्नाले अन्तरदेशीय तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा, सेलुलर मोबाइल सेवा र इन्टरनेट सेवा एकीकृत रूपमा सञ्चालनका लागि दफा २७ बमोजिम प्रदान गरिने एकीकृत अनुमतिपत्र सम्झनु पर्छ।

(घ) "कुल आम्दानी" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको सेवा कर, मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चार सम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दूरसञ्चार सेवा तथा पूर्वाधार सेवा प्रदान गरे बापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानी सम्झनु पर्छ।

(ङ) "ग्राहक" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको सेवा प्रयोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "दूरसञ्चार" भन्नाले आवाज, चिन्ह, सङ्केत, लेखोट, आकृति, कुनै प्रकारको गोप्य सङ्केत वा खबरलाई कुनै तरिकाले पुनर्व्यवस्था, गणना वा अन्य प्रकारले परिवर्तन गरी वा नगरी तार, रेडियो, प्रकाश (अप्टीकल) वा अन्य विद्युत चुम्बकीय माध्यमबाट उत्सर्जन (इमिसन), प्रसारण वा प्राप्ति गर्ने कार्य सम्झनु पर्छ।

(ज) "दूरसञ्चार पूर्वाधार" भन्नाले दूरसञ्चार सेवा सञ्चालनका लागि आवश्यक पर्ने टावर, अप्टिकल फाइबर, भू-उपग्रह, रेडियो फ्रिक्वेन्सी, उपकरण, जग्गा, भवन, विटिएस सेल्टर, उर्जा आपूर्ति (पावर सप्लाई), जेनरेटर, ब्याट्री, एयर कन्डिसनर, अग्निनिरोधक,

राईट अफ वे, पोल, डक्ट, ट्रेन्च जस्ता अविद्युतीय (ननइलेक्ट्रोनिक्स) पूर्वाधार सम्झनु पर्छ।

(झ) "दूरसञ्चार पूर्वाधार सेवा" भन्नाले दूरसञ्चार पूर्वाधार प्रयोग गरी उपलब्ध गराइने सेवा सम्झनु पर्छ।

(ञ) "दूरसञ्चार प्रणाली" भन्नाले दूरसञ्चार सेवा उपलब्ध गराउन प्रयोग गरिने उपकरण वा उपकरणहरूको समूह सम्झनु पर्छ।

(ट) "दूरसञ्चार लाइन" भन्नाले दूरसञ्चार प्रणालीमा प्रयोग हुने तार, केबल, उपकरण, टावर, खम्बा, एन्टिना, सुरुङ, प्वाल, खाडल, लठ्ठा वा यस्तै प्रकृतिका अन्य संरचना वा वस्तु सम्झनु पर्छ।

(ठ) "दूरसञ्चार सेवा" भन्नाले दूरसञ्चारको लागि प्रदान गरिने जुनसुकै सेवा सम्झनु पर्छ।

(ड) "नेटवर्क" भन्नाले दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि निर्माण गरिएको दूरसञ्चार पूर्वाधार, दूरसञ्चार लाइन तथा दूरसञ्चार प्रणालीको संयोजनमा निर्मित संरचना सम्झनु पर्छ।

(ढ) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिमको नेपाल दूरसञ्चार प्राधिकरण सम्झनु पर्छ।

(ण) "फ्रिक्वेन्सी" भन्नाले रेडियो फ्रिक्वेन्सी सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(थ) "सदस्य" भन्नाले प्राधिकरणको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

(द) "सामान्य अनुमतिपत्र" भन्नाले नेटवर्क सेवा, इन्टरनेट सेवा वा मूल्यदय (भ्यालु एडेड) दूरसञ्चार सेवाको लागि प्रदान गरिने अनुमतिपत्रलाई जनाउँछ।

(ध) "सिफारिस समिति" भन्नाले दफा ७ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना, गठन तथा काम, कर्तव्य र अधिकार

३. **प्राधिकरणको स्थापनाः** दूरसञ्चार सेवाको विकास विस्तार गर्न, दूरसञ्चार सेवालाई प्रतिस्पर्धी, भरपर्दो, सर्वसुलभ, व्यवस्थित र सुरक्षित बनाउन तथा त्यस्तो सेवाको नियमन गर्न नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना गरिएको छ।

४. **प्राधिकरण स्वशासित र संगठित संस्था हुनेः** (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **प्राधिकरणको कार्यालयः** प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्राधिकरणले आवश्यकता अनुसार प्रादेशिक स्तरमा शाखा कार्यालयहरू समेत खोल्न सक्नेछ।

६. **प्राधिकरणको गठनः** (१) प्राधिकरणमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) सूचना तथा सञ्चार प्रविधि, व्यवस्थापन, वाणिज्य शास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण वा चार्टर्ड एकाउन्टेन्ट उपाधि हासिल गरेको र दूरसञ्चारको क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय तहको कार्य अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) सार्वजनिक प्रशासन वा अर्थशास्त्र सम्बन्धी विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय तहको कार्य अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना - सदस्य

(ग) कानून विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय तहको कार्य अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना - सदस्य

(घ) चार्टर्ड एकाउन्टेन्ट उपाधि हासिल गरेको वा वाणिज्य शास्त्र वा बजार व्यवस्थापन विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय तहको कार्य अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना - सदस्य

(ङ) दूरसञ्चारसँग सम्बन्धित इन्जिनियरिङ्ग विषय, सूचना तथा सञ्चार प्रविधि वा टेलिकम्यूनिकेशन विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय तहको कार्य अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना - सदस्य

(च) सहसचिव, मन्त्रालय सदस्य

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम सदस्य नियुक्ति गर्दा कम्तीमा दुई जना महिला सहित समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

(३) प्राधिकरणका अधिकृत कर्मचारीहरु मध्येबाट अध्यक्षले तोकेको कर्मचारीले प्राधिकरणको सचिव भई काम गर्नेछ।

७. **सिफारिस समिति गठनः** (१) प्राधिकरणका अध्यक्ष तथा सदस्यहरुको नियुक्तिको लागि सिफारिश गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) दूरसञ्चार सम्बन्धी क्षेत्र कम्तीमा पन्ध्र वर्षको व्यवस्थापकीय तहको कार्य अनुभव प्राप्त गरेका प्रतिष्ठित व्यक्तिहरुमध्येबाट नेपाल सरकारले तोकेको विषय विज्ञ एक जना - सदस्य

(ग) सहसचिव, मन्त्रालय - सदस्य-सचिव

(२) सिफारिस समितिले अध्यक्ष र सदस्यहरुको पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न दफा ८ बमोजिमको योग्यता पुगेका उम्मेदवारलाई आवेदन पेश गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएका आवेदनमध्येबाट योग्य उम्मेदवारको सूची तयार गरी त्यस्तो उम्मेदवारलाई अन्तरवार्ता तथा व्यवसायिक कार्ययोजना प्रस्तुतीकरणको लागि आमन्त्रण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमका उम्मेदवारमध्येबाट सिफारिस समितिले अन्तरवार्ता, व्यवसायिक कार्ययोजना र सोको प्रस्तुतिकरणबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रत्येक पदमा बढीमा तीन जना उम्मेदवारको नाम नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ ।

(५) सिफारिस समितिले दरखास्त दिने अन्तिम मितिदेखि एक महिनाभित्र योग्य उम्मेदवारको नाम सिफारिस गर्नु पर्नेछ।

(६) सिफारिस सम्बन्धी अन्य कार्यविधि सिफारिस समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपदफा (१) बमोजिम गठित समितिले सिफारिस गरेका उम्मेदवारहरु मध्येबाट नेपाल सरकारले समितिको अध्यक्ष र सदस्य नियुक्ति गर्नेछ।

८. **अध्यक्ष तथा सदस्यको योग्यताः** (१) प्राधिकरणको अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) अध्यक्षको हकमा चालीस वर्ष र सदस्यको हकमा पैतीस वर्ष उमेर पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(ग) दफा ६ बमोजिमको शैक्षिक योग्यता र अनुभव भएको,

(घ) दफा ९ बमोजिम अयोग्य नभएको।

९. **अध्यक्ष तथा सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः-

(क) प्राधिकरणबाट अनुमतिपत्र प्राप्त कुनै संस्थाको संस्थापक वा आधारभूत शेयरधनी र प्राधिकरणबाट अनुमतिपत्र प्राप्त संस्थाको बहालवाला कर्मचारी,

(ख) राजनीतिक दलको सदस्य,

(ग) दामासाहीमा परेको,

(घ) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागु औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, लैङ्गिक हिंसा वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) शारिरीक वा मानसिक अस्वस्थताका कारण प्राधिकरणको कामकारवाही गर्न नसक्ने भनी नेपाल मेडिकल बोर्डबाट प्रमाणित भएको,

(च) विदेशी मुलुकको स्थायी आवासीय अनुमति (डिभि/पिआर) प्राप्त गरेको,

(छ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य भएको।

१०. **<u>प्राधिकरणको बैठक र निर्णयः</u>** (१) प्राधिकरणको बैठक महिनामा कम्तीमा एक पटक र आवश्यकतानुसार बस्नेछ।

(२) प्राधिकरणको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुमत सदस्यले प्राधिकरणको बैठक बोलाउन माग गरेमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(४) प्राधिकरणको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) प्राधिकरणको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) प्राधिकरणको बैठकमा बहुमतको आधारमा निर्णय गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) प्राधिकरणको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ र त्यस्तो निर्णय प्राधिकरणको सचिवले सबै सदस्यहरूलाई उपलब्ध गराउनेछ।

(८) प्राधिकरणको बैठकमा सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(९) प्राधिकरणको बैठक सम्बन्धी अन्य कार्यविधि प्राधिकरण आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **<u>प्राधिकरणको काम, कर्तव्य र अधिकारः</u> (१)** प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दूरसञ्चार सेवाको विकासको लागि अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) सेवा प्रदायकहरु मार्फत देशभर सर्वसुलभ र भरपर्दो र गुणस्तरीय दूरसञ्चार सेवाको पहूँच सुनिश्चित गर्ने, गराउने,

(ग) दूरसञ्चार सेवालाई नियमित, व्यवस्थित र सुरक्षित बनाउन तथा त्यस्तो सेवाको नियमन गर्नका लागि आवश्यक व्यवस्था गर्ने, गराउने,

(घ) नेपाल सरकारको नीति अनुरुप दूरसञ्चार सेवा सञ्चालनमा स्वदेशी तथा विदेशी लगानीकर्तालाई सहभागी बनाउन योजना बनाई लागू गर्ने, गराउने,

(ङ) दूरसञ्चार सेवा प्रदान गर्ने व्यक्तिहरु बीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने,

(च) दूरसञ्चार सेवा तथा दूरसञ्चार पूर्वाधार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने,

(छ) फ्रिक्वेन्सी नीति निर्धारण समितिद्वारा निर्धारित नीति अनुरुप फ्रिक्वेन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ज) सूचना प्रविधि र दूरसञ्चारको क्षेत्रमा नयाँ प्रविधिको अध्ययन अनुसन्धान, विकास तथा उपयोग गर्ने, गराउने,

(झ) दूरसञ्चार सेवामा प्रयोग हुने नम्बरिङ्ग योजना बनाई लागू गर्ने,

(ञ) दूरसञ्चार सेवा प्रदायकबीच अन्तरआवद्धताको सुनिश्चतता गर्ने, गराउने,

(झ) अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा बापत लिने शुल्क स्वीकृत र नियमन गर्ने,

(ठ) प्राधिकरणको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत तथा कार्यान्वयनको आवधिक समीक्षा गर्ने, गराउने,

(ड) दूरसञ्चार सेवा, दूरसञ्चार पूर्वाधार सेवा, दूरसञ्चार सम्बन्धी यन्त्र, उपकरण र दूरसञ्चार प्रणालीको गुणस्तर निर्धारण गरी लागू गर्ने, गराउने,

(ढ) सूचना प्रविधि तथा दूरसञ्चारका क्षेत्रमा नेपाललाई अन्तर्राष्ट्रिय ट्रान्जिटको रुपमा विकास गर्ने, गराउने,

(ण) दूरसञ्चार सेवाका उपभोक्ताको हकहित संरक्षण गर्ने, गराउने,

(त) सूचना प्रविधि र दूरसञ्चार क्षेत्रमा दक्ष जनशक्ति विकास गर्ने तथा जनशक्ति योजना बनाउने,

(द) अन्य नियामक निकायहरुसँग समन्वय गर्ने, गराउने,

(ध) तोकिए बमोजिमका सूचना प्रविधि तथा दूरसञ्चार सेवा सम्बन्धी अन्य कार्यहरु गर्ने, गराउने।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकार मध्ये केही अधिकार प्राधिकरणले अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

१२. **अध्यक्ष तथा सदस्यको पदावधिः** (१) प्राधिकरणको अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको पदावधी समाप्त भए पश्चात नेपाल सरकारले आवश्यक देखेमा निजलाई अध्यक्ष तथा सदस्यमा अर्को कार्यकालको लागि पुनः नियुक्त गर्न सक्नेछ।

१३. **अध्यक्ष तथा सदस्यलाई पदबाट हटाउनेः** (१) दफा १२ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछः-

(क) कार्य क्षमताको अभाव भएमा,

(ख) खराव आचरण भएमा,

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा,

(घ) शारिरीक वा मानसिक अस्वस्थ्यताको कारणले कामकारवाही गर्न असमर्थ भएको भनी नेपाल मेडिकल बोर्डले प्रमाणित गरेमा,

(ङ) दूरसञ्चार सेवा वा दूरसञ्चार प्रणाली सञ्चालन गर्ने कुनै फर्म वा संगठित संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व वा निजी स्वार्थ भएमा,

(च) कुनै राजनीतिक दलको सदस्य भएमा।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (च) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

१४. **अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेः** देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) दफा १२ बमोजिम निजको पदावधि पुरा भएमा,

(ग) त्रिसठ्ठी वर्ष उमेर पूरा भएमा,

(घ) दफा १३ बमोजिम निजलाई पदबाट हटाइएमा,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(च) दफा ९ बमोजिमको अयोग्यता पुष्टि भएमा,

(छ) निजको मृत्यु भएमा।

१५. **कार्यबाहक अध्यक्ष तोक्न सक्नेः** नेपाल सरकारले अध्यक्षको पद कुनै कारणले रिक्त भएमा अध्यक्षको नियुक्ति नभएसम्मको लागि प्राधिकरणको कुनै सदस्यलाई बढीमा छ महिनासम्मका लागि कार्यवाहक अध्यक्ष भई कामकाज गर्न तोक्न सक्नेछ।

१६. **अध्यक्ष नियुक्ति सम्बन्धी विशेष व्यवस्था:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचारको मुद्दा अदालतमा दर्ता भएको कारण अध्यक्ष निलम्बनमा रही वा अदालतको आदेशले तीन महिना भन्दा बढी अवधिको लागि कार्यसम्पादन गर्न नसक्ने भएमा नेपाल सरकारले दफा ७ को उपदफा (१) बमोजिमको समितिको सिफारिसमा बाँकी अवधिको लागि अर्को अध्यक्ष नियुक्ति गर्न सक्नेछ।

१७. **अध्यक्षको काम कर्तव्य र अधिकार:** (१) अध्यक्ष प्राधिकरणको प्रमुख कार्यकारी हुनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) प्राधिकरणको वार्षिक कार्यक्रम तयार गरी स्वीकृतिको लागि प्राधिकरणमा पेश गर्ने,

(ग) प्राधिकरणबाट स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ग) दूरसञ्चार रेडियो टर्मिनल उपकरणहरु आयात तथा बिक्री वितरण गर्नु पूर्व प्राधिकरणबाट स्तर स्वीकृति (टाइप एप्रुभल) लिएर मात्र आयात तथा बिक्री वितरण गर्ने ब्यबस्था गर्ने, गराउने,

(ग) दूरसञ्चार सेवा प्रदायकहरुको अनुगमन, निरीक्षण तथा जाँचवुझ सम्वन्धी कार्य गर्ने, गराउने,

(घ) दूरसञ्चार सेवालाई सर्वसुलभ र भरपर्दो बनाउन आवश्यक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) दूरसञ्चार सेवा प्रदान गर्ने व्यक्तिहरु बीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने, गराउने,

(ज) दूरसञ्चारको क्षेत्रमा नयाँ प्रविधिको विकास तथा उपयोग बारे अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ञ) बिदेशी मुद्रा सिफारिस, उपकरण आयात सिफारिस सम्बन्धी कार्य गर्ने, गराउने

(ट) दूरसञ्चार सेवा प्रदायकहरुलाई दूरसञ्चार सेवाको विकास, विस्तार, सञ्चालन तथा गुणस्तर सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ठ) दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गर्ने, गराउने,

(ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

१८. **अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त:** अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त नेपाल सरकारले तोके बमोजिम हुनेछ।

१९. **प्राधिकरणका कर्मचारी:** (१) प्राधिकरणको कार्य सञ्चालन गर्नको लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ।

२०. **आदेश वा निर्देशन दिन सक्ने:** (१) प्राधिकरणले नेपाल सरकारको नीति विपरीत नहुने गरी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

२१. **विवाद समाधान गर्ने:** (१) प्राधिकरणले अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच तथा अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक बीच दूरसञ्चार सेवा सम्बन्धी विवाद भएमा त्यस्ता विवादको समाधान गर्नेछ।

(२) उपदफा (१) बमोजिम विवाद समाधान गर्ने तरिका र कार्यविधि तोकिए बमोजिम हुनेछ।

२२. **अनुगमन, निरीक्षण तथा जाँचबुझ:** (१) प्राधिकरणले आवश्यक देखेमा जुनसुकै बखत अनुमतिपत्र प्राप्त व्यक्ति वा अनुमतिपत्र नलिई दूरसञ्चार सेवा सञ्चालन गरेको व्यक्तिले गरेको काम कारबाही वा उपलब्ध गराएको सेवाको सम्बन्धमा अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन, निरीक्षण तथा जाँचबुझ कार्य प्राधिकरण आँफै वा कुनै व्यक्ति वा निकाय मार्फत गर्ने, गराउनेछ।

(३) उपदफा (२) बमोजिमको अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्दा प्राधिकरणले विज्ञको समेत सहयोग लिन सक्नेछ।

(४) अनुगमन, निरीक्षण तथा जाँचबुझको सिलसिलामा उपदफा (२) बमोजिमको जानकारी वा विवरण तथा कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(५) उपदफा (२) बमोजिम अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्दा देहायको अधिकार प्रयोग गर्न सकिनेछः-

(क) यस ऐन बमोजिम अनुमतिपत्र नलिई दूरसञ्चार सेवा सञ्चालन गरेको वा अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेको वा त्यस्तो सेवा सञ्चालनको प्रयोजनको लागि कुनै उपकरण वा सामग्री राखेको शंका लागेको स्थानमा प्रवेश गर्ने,

(ख) खण्ड (क) बमोजिमको स्थानमा रहेका वा अनुमतिपत्र प्राप्त व्यक्तिसँग रहेका, गैरकानूनी रुपमा प्रयोग भएका वा राखिएका उपकरण तथा सामग्री कब्जामा लिई प्राधिकरणमा बुझाउने,

(ग) यस ऐन बिपरीत दूरसञ्चार सेवा सञ्चालन गरेको अवस्थामा त्यस्तो स्थानलाई सिलबन्दी गरी प्राधिकरण समक्ष प्रतिवेदन पेश गर्ने।

(६) यस दफा बमोजिम अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्दा अपनाउने कार्यविधि, त्यसको प्रतिवेदन र प्रतिवेदनको कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३
## नेपाल सरकारको विशेषाधिकार

२३. **नेपाल सरकारको विशेषाधिकारः** (१) सङ्कटकालीन अवस्था परी वा राष्ट्रिय सुरक्षाको कारणले सूचना, खबर तथा श्रव्यदृष्यको आदान-प्रदानमा रोक लगाउनु पर्ने भएमा वा त्यस्तो सूचना, खबर तथा श्रव्यदृष्यको आदान-प्रदान गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्ने आवश्यकता देखिएमा नेपाल सरकारले देहायका काम गर्न सक्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले जडान गरेको, सञ्चालन गरेको वा रेखदेख गरिरहेको दूरसञ्चार लाइन र दूरसञ्चार प्रणाली अस्थायी तवरमा आफ्नो नियन्त्रणमा लिने,

(ख) कुनै खास किसिमको विषय, व्यक्ति वा समुदाय सँग सम्बन्धित सूचना रेकर्ड गर्न, त्यस्तो सूचना पठाउने व्यक्ति पहिल्याउन वा त्यस्तो सूचनाको प्रसारण रोक्न आदेश दिने,

(ग) राष्ट्रिय सुरक्षा, राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, सार्वजनिक नीति, नैतिकता, सद्भाव, सदाचार र सुरक्षाको प्रतिकूल हुने सूचना, खबर तथा श्रव्यदृष्यको आदान प्रदानमा रोक लगाउन आदेश दिने।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको अवस्था समाप्त भएपछि नेपाल सरकारले आफ्नो नियन्त्रणमा लिएको दूरसञ्चार लाइन र दूरसञ्चार प्रणाली माथिको नियन्त्रण वा लगाइएको रोक हटाउनु पर्नेछ।

२४. **नेपाल सरकार आफैले दूरसञ्चार सेवा सञ्चालन गर्न, गराउन सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार आफैले दूरसञ्चार सेवा सञ्चालन गर्न, गराउन सक्नेछ।

२५. **नेपाल सरकारले निर्देशन दिन सक्नेः** नेपाल सरकारले दूरसञ्चार सेवालाई विविधिकरण, विस्तार तथा नियमित गर्न, त्यस्तो सेवालाई भरपर्दो, गुणस्तरीय, सर्वसुलभ, सुरक्षित, प्रभावकारी बनाउन तथा नियमन गर्ने सम्बन्धमा प्राधिकरणलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

## परिच्छेद-४
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२६. **अनुमतिपत्र नलिई दूरसञ्चार सेवा सञ्चालन गर्न नपाइनेः** कसैले पनि अनुमतिपत्र नलिई दूरसञ्चार सेवा र दूरसञ्चार पूर्वाधार सेवा सञ्चालन गर्न पाउने छैन।

२७. **एकीकृत अनुमतिपत्रको लागि निवेदन दिनेः** (१) प्राधिकरणले एकीकृत अनुमतिपत्र अन्तर्गतका दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्नु अघि त्यस्तो सेवाको लागि प्रदान गरिने अनुमतिपत्रको संख्या, तोकिए बमोजिमको पूँजी, प्राविधिक निपूणता तथा पेशा सम्बन्धी दक्षता सहितका शर्तहरु एवं बढाबढ गरिने फ्रिक्वेन्सीको ब्याण्ड, परिमाण र आधार मूल्य खुलाई अनुमतिपत्रको लागि निवेदन दिने म्याद सहितको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार अनुमतिपत्र लिन चाहने व्यक्तिले आफूले सञ्चालन गर्न चाहेको दूरसञ्चार सेवा सम्बन्धी आर्थिक, प्राविधिक तथा वित्तीय विवरण सहितको कार्य सञ्चालन योजना संलग्न गरी तोकिए बमोजिमका विषय खुलाई सूचनामा उल्लिखित म्यादभित्र प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप जानकारी वा विवरण लिन आवश्यक देखेमा प्राधिकरणले त्यस्तो निवेदन दिने व्यक्तिसँग थप जानकारी वा विवरण माग गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा उपदफा (२) बमोजिम निवेदन दिने व्यक्ति त्यस्तो दूरसञ्चार सेवा सञ्चालन गर्न योग्य देखिएमा प्राधिकरणले त्यस्तो व्यक्तिलाई फ्रिक्वेन्सी बढाबढमा भाग लिन छनौट गरी सोको सूचना दिनेछ।

(५) उपदफा (४) बमोजिम बढाबढमा भाग लिन छनौट भएका निवेदकमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तिलाई प्राधिकरणले रेडियो फ्रिक्वेन्सी तोकी एकीकृत अनुमतिपत्र प्रदान गर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम जाँचबुझ गर्दा निवेदन दिने व्यक्तिहरुमध्ये एक जना मात्र त्यस्तो दूरसञ्चार सेवा सञ्चालन गर्न योग्य भएमा वा फ्रिक्वेन्सी बढाबढमा एकजना मात्र भाग लिन आएमा प्राधिकरणले त्यस्तो व्यक्तिलाई फ्रिक्वेन्सीको आधार मूल्य बुझाउन लगाई अनुमतिपत्र दिनु पर्नेछ।

(७) उपदफा (५) वा (६) बमोजिम एकीकृत अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्र प्राप्त गर्दाका बखतसम्म साबिकमा अनुमतिपत्र दिइएका सबै दूरसञ्चार सेवाहरु समेत सञ्चालन गर्न दिईनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि जारी भएका सेलुलर मोबाइल सेवा अनुमतिपत्रलाई स्वतः एकीकृत अनुमतिपत्र पाएको मानिनेछ। आधारभूत टेलिफोन सेवाको हकमा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिमका शर्त पूरा गरी एकीकृत अनुमतिपत्रको लागि एक वर्ष भित्र प्राधिकरणमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

२८. **<u>एकीकृत अनुमतिपत्रको दस्तुर सम्बन्धमाः</u>** (१) दफा २६ को उपदफा (५) र (६) बमोजिम अनुमतिपत्र लिनको लागि निवेदकले प्राधिकरणमा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ।

(२) एकीकृत अनुमतिपत्र प्राप्त व्यक्तिले बार्षिक रुपमा कुल आम्दानीको आठ प्रतिशतले हुने रकम बार्षिक दस्तुर बापत प्राधिकरणमा बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको वार्षिक दस्तुर बुझाउने प्रक्रिया र अवधि तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको अवधि भित्र नबुझाएमा बुझाउँन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ।

२९. **साधारण अनुमतिपत्रः** (१) नेटवर्क सेवा, इन्टरनेट सेवा, जि.एम.पि.सि.एस. तथा तोकिए बमोजिमका अन्य दूरसञ्चार सेवा सञ्चालन गर्न चाहने व्यक्तिले साधारण अनुमतिपत्रको लागि तोकिए बमोजिम प्राधिकरणमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदन माग बमोजिमको सेवा सञ्चालन गर्न निवेदकको तोकिए बमोजिमको प्राविधिक योग्यता पुगेको देखिएमा प्राधिकरणले निवेदकलाई सेवा सञ्चालन गर्न साधारण अनुमतिपत्र दिन सक्नेछ।

(३) दफा २६, दफा २८ को उपदफा (२) तथा दफा २९ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति बाहेकका व्यक्तिले दूरसञ्चार सेवाको नेटवर्क प्रयोग गरी अन्य सेवाहरु सञ्चालन गर्न चाहेमा सम्बन्धित निकायको पूर्व स्वीकृतिमा प्राधिकरणबाट सहमति लिई त्यस्ता सेवाहरु सञ्चालन गर्न सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुअघि जारी भएका दफा २७ मा उल्लेख भएदेखि बाहेक अन्य जुनसुकै दूरसञ्चार सेवा सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्रलाई साधारण अनुमतिपत्र मानिनेछ।

(५) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र प्राप्त गरेको मितिबाट प्रत्येक वर्ष सो वर्ष आर्जन गरेको कुल आम्दानी रकमको आठ प्रतिशतले हुने रकम बार्षिक दस्तुर बापत प्राधिकरणमा बुझाउनु पर्नेछ।

(६) यस दफा बमोजिमको वार्षिक दस्तुर बुझाउनु पर्ने तरिका र अवधि तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (६) बमोजिम तोकिएको अवधि भित्र नबुझाएमा बुझाउँन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ।

(८) साधारण अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिको योग्यता, निजले सञ्चालन गर्न पाउने दूरसञ्चार सेवा, सेवा शुरु गर्नुपर्ने अवधि, अनुमतिपत्र दस्तूर, नवीकरण सम्बन्धी व्यवस्था, अनुमतिपत्र कायम रहने अवधि तथा अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा लगाएतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **दूरसञ्चार पूर्वाधार सेवाको अनुमतिपत्रः** (१) दूरसञ्चार पूर्वाधारको निर्माण तथा सञ्चालन गर्न चाहने व्यक्तिले प्राधिकरणबाट दूरसञ्चार पूर्वाधार सेवाको अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले दूरसञ्चार पूर्वाधार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्नु अघि त्यस्तो सेवाको लागि प्रदान गरिने अनुमतिपत्रको संख्या, तोकिए बमोजिमको पूँजी, प्राविधिक निपूणता तथा पेशा सम्बन्धी दक्षता सहितका शर्तहरु र मूल्यांकनका आधारहरु समेत खुलाई अनुमतिपत्रको लागि निवेदन दिने म्याद सहितको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसारको योग्यता पुगेको व्यक्तिले आफूले सञ्चालन गर्न चाहेको दूरसञ्चार सेवा सम्बन्धी आर्थिक, प्राविधिक तथा वित्तीय विवरण सहितको

कार्य सञ्चालन योजना संलग्न गरी तोकिए बमोजिमका कुराहरु खुलाई सूचनामा तोकिएको म्यादभित्र प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप जानकारी वा विवरण लिन आवश्यक देखेमा प्राधिकरणले त्यस्तो निवेदन दिने व्यक्तिसंग थप जानकारी वा विवरण माग गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा दूरसञ्चार सेवा सञ्चालन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका निवेदकहरु मध्ये तोकिए बमोजिम मुल्याङ्कन गर्दा त्यस्तो मूल्याङ्कनमा सबै भन्दा बढी अंक प्राप्त गर्ने व्यक्तिलाई प्राधिकरणले अनुमतिपत्र प्रदान गर्नेछ।

(६) उपदफा (५) बमोजिमको अनुमतिपत्र लिनको लागि निवेदकले तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर प्राधिकरणमा बुझाउनु पर्नेछ।

(७) अनुमतिपत्र प्राप्त व्यक्तिले बार्षिक रुपमा कुल आम्दानीको आठ प्रतिशतले हुने रकम बार्षिक दस्तुर बापत प्राधिकरणमा बुझाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको वार्षिक दस्तुर बुझाउने तरिका र अवधि तोकिए बमोजिम हुनेछ।

(९) उपदफा (८) बमोजिम तोकिएको अबधि भित्र वार्षिक दस्तुर नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ।

(१०) दूरसञ्चार पूर्वाधार सेवाको अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार पूर्वाधार निर्माण गरेको मिति देखि पूर्वाधारको निर्माण गरेको निश्चित स्थानमा दूरसञ्चार सेवा प्रदायकले दूरसञ्चार पूर्वाधारको निर्माण गर्न पाउने छैन।

(११) यो ऐन प्रारम्भ हुनुअघि दूरसञ्चार सेवाको अनुमतिपत्र लिई दूरसञ्चार पूर्वाधार निर्माण गरी दूरसञ्चार सेवा सञ्चालन गरिरहेका अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले निर्माण गरेको पूर्वाधार सञ्चालन गर्न सक्नेछ।

तर एकीकृत दूरसञ्चार सेवा एवं साधारण दूरसञ्चार सेवा प्रदायकले तोकिए बमोजिमको अन्य पूर्वाधार बनाई सेवा सञ्चालन गर्न बाधा पर्ने छैन।

(१२) पूर्वाधार सेवाको अनुमतिपत्र दस्तुर, सेवा शुरु गर्नुपर्ने अवधि, नवीकरण, सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **अनुमतिपत्रको अवधि र नवीकरण:** (१) अनुमतिपत्रको अवधि बढीमा पच्चीस वर्षको हुनेछ।

तर एक पटकमा दश वर्ष भन्दा बढी अवधिको लागि अनुमतिपत्र दिइनेछैन।

(२) अनुमतिपत्र नवीकरण गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको अवधिभित्र अनुमतिपत्र नवीकरणको लागि प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ। त्यसरी निवेदन परेमा एकपटकमा पाँच वर्षमा नबढाई अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुमतिपत्र नवीकरण गर्दा देहायका शर्त वा प्रावधान पूरा गरेको हुनु पर्नेछः-

(क) यस ऐन बमोजिम लाग्ने बार्षिक दस्तुर बुझाएको,

(ख) प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल दूरसञ्चार प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने वक्यौता रकम बुझाएको,

(ग) अन्य कुनै कारणले अनुमतिपत्र नवीकरण गर्न नरोकिएको।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि दिइएको अनुमतिपत्रको अवधि, नवीकरण र पुन: अनुमतिपत्र जारी गर्ने सम्बन्धी व्यवस्था तत्काल बहाल रहेको प्रचलित कानून वा अनुमतिपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(५) अनुमतिपत्रको नवीकरण सम्बन्धी ब्यबस्था तोकिए बमोजिम हुनेछ।

३२. **<u>अनुमतिपत्र रद्द हुने:</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र प्राप्त गरेको मितिले दुई वर्ष भित्र दूरसञ्चार प्रणाली स्थापना गरी दूरसञ्चार सेवा सञ्चालन नगरेमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) दफा २६ बमोजिम एकीकृत अनुमतिपत्रको लागि निवेदन नदिने वा अनुमतिपत्र प्राप्त गर्न नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ हुदाका बखत दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरेको भएमा त्यस्तो अनुमतिपत्र प्राप्त गर्दाका बखतको तत्काल प्रचलित कानून वा अनुमतिपत्रमा उल्लेख भएको शर्त बमोजिम नवीकरण गराउनु पर्नेछ। त्यस्तो अनुमतिपत्र नवीकरण नगराएमा सो अनुमतिपत्र स्वतः रद्द भएको मानिनेछ।

३३. **<u>दोहोरो अनुमतिपत्र नदिइने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त व्यक्ति वा त्यस्तो अनुमतिपत्र प्राप्त कम्पनीमा एक प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएको व्यक्तिलाई दूरसञ्चार सेवाको अर्को अनुमतिपत्र दिइने छैन।

तर, एकिकृत अनुमतिपत्र प्राप्त सेवा प्रदायकले पूर्वाधार सेवा बाहेक अन्य सबै प्रकारका दूरसाचार सेवा प्रदान गर्न सक्नेछ |

३४. **<u>सहप्रयोग गर्न सक्ने:</u>** (१) यस ऐन बमोजिम दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवाको अर्को अनुमतिपत्र प्राप्त व्यक्तिको पूर्वाधार सहप्रयोग गर्न सक्नेछ।

(२) सहप्रयोग सम्बन्धी विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३५. **<u>अनुमतिपत्र लिनु नपर्ने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र लिनु पर्ने छैन:-

(क) नेपाल सरकार वा नेपाल सरकारले तोकेको सरकारी निकायले आफ्नै प्रयोगको लागि नेटवर्क स्थापना गरी दूरसञ्चार सेवा सञ्चालन गर्न,

(ख) वायुयानमा अन्तर्राष्ट्रिय अनुबन्ध अनुरुप नेटवर्क जडान गरी दूरसञ्चार सेवा सञ्चालन गर्न,

(ग) कुटनीतिक नियोगले आफ्नै प्रयोगको लागि नेटवर्क स्थापना गरी दूरसञ्चार सेवा सञ्चालन गर्न,

(घ) दूरसञ्चार प्रणालीसँग आवद्ध नगराई आफ्नो घर कम्पाउण्ड भित्र दूरसञ्चार सेवा सञ्चालन गर्न।

३६. **<u>अनुमतिपत्रमा संशोधनः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको अनुमतिपत्रमा उल्लिखित कुनै कुरा संशोधन गर्न आवश्यक देखेमा त्यसको कारण खुलाई प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अनुमतिपत्र संशोधनको लागि दिइएको कारण मनासिब र उचित देखिएमा तथा संशोधन गर्न खोजिएको विषयले अनुमतिपत्रको सारभूत कुरामा फरक नपर्ने भएमा प्राधिकरणले त्यस्तो निवेदन प्राप्त भएको तीस दिनभित्र अनुमतिपत्रमा संशोधन गरी दिन सक्नेछ। अनुमतिपत्रमा संशोधन गर्न नमिल्ने देखिएमा तीस दिनभित्र कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्रमा संशोधन गर्न तोकिए बमोजिमको दस्तूर प्राधिकरणमा बुझाउनु पर्नेछ।

(४) प्राधिकरणले कुनै अनुमतिपत्रमा उल्लिखित कुनै कुरा संशोधन गर्न आवश्यक देखेमा त्यसको कारण सहितको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्रमा त्यसरी संशोधन गर्न आवश्यक नदेखेमा त्यसको कारण समेत खुलाई त्यस्तो जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएपछि वा सो म्याद समाप्त भएपछि प्राधिकरणले अनुमतिपत्रमा संशोधन गर्ने वा नगर्ने कुराको निर्णय गरी त्यसको सूचना अनुमतिपत्र प्राप्त व्यक्तिलाई दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राधिकरणबाट भएको निर्णय अन्तिम हुनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय वा क्षेत्रीय सन्धिको पालना गर्न वा त्यस्तो सन्धि वा प्रचलित कानूनमा भएको संशोधनको कारण वा अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घद्वारा पारित प्रस्ताव कार्यान्वयन गर्नको लागि जुनसुकै बखत अनुमतिपत्रमा संशोधन गर्न सक्नेछ र त्यसरी संशोधन गरेको जानकारी अनुमतिपत्र प्राप्त व्यक्तिलाई दिनु पर्नेछ।

३७. **<u>पब्लिक कम्पनीले शेयरको बाँडफाँट गर्नु पर्नेः</u>** (१) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम संस्थापना भएको पब्लिक कम्पनीले अनुमतिपत्रको लागि निवेदन दिनु अघि आफ्नो कूल जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्वसाधारणलाई छुट्याएको शेयर तोकिएको अवधिभित्र सर्वसाधारणलाई बिक्री वितरण गर्नु पर्नेछ। त्यसरी बिक्री गर्दा बिक्री नभएको शेयर अन्य फर्म, कम्पनी वा संस्थालाई बिक्री वितरण गर्न सकिनेछ।

(३) उपदफा (१) मा उल्लिखित शेयर बाहेकको शून्य दशमलब पाँच प्रतिशत शेयर त्यस्तो पब्लिक कम्पनीका कर्मचारीको लागि छुट्याउन सकिनेछ।

३८. **<u>विदेशी लगानी गर्न सक्नेः</u>** (१) प्रचलित कानून बमोजिम संस्थापना भई अनुमतिपत्र प्राप्त गरेको कम्पनीमा विदेशी लगानी सम्बन्धी प्रचलित कानूनको अधीनमा रही विदेशी लगानी गर्न सकिनेछ।

तर स्वदेशी लगानीकर्ताको लगानी एक अर्वभन्दा कम हुने गरी विदेशी लगानी गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम गरिने विदेशी लगानी कम्पनीको कूल चुक्ता पुँजीको असी प्रतिशतभन्दा बढी हुने छैन।

३९. **<u>अनुमतिपत्रको बिक्री वा हस्तान्तरणः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र कसैलाई बिक्री गरी वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गरी दिन चाहेमा त्यसको कारण सहित निजले र अनुमतिपत्र खरिद गर्न वा हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिले आपसमा निर्धारित शर्त बन्देज समेत उल्लेख गरी स्वीकृतिको लागि प्राधिकरण समक्ष संयुक्त निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा प्राधिकरणले आवश्यक छानबिन गरी त्यस्तो अनुमतिपत्र खरिद गरी वा हक हस्तान्तरण गरी लिने व्यक्तिको प्राविधिक, आर्थिक र तोकिए बमोजिमको योग्यता पुरा भएको देखिएमा प्राधिकरणले त्यस्तो अनुमतिपत्रको हक हस्तान्तरणको स्वीकृति दिन सक्नेछ। त्यस्तो स्वीकृति दिन उचित नहुने देखिएमा सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(३) अनुमतिपत्रको बिक्री वा हक हस्तान्तरण गर्ने स्वीकृतिको लागि तोकिए बमोजिमको दस्तुर प्राधिकरणमा बुझाउनु पर्नेछ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिको एकाउन्न प्रतिशत वा सो भन्दा बढी स्वामित्व हस्तान्तरण भएमा यस दफाको प्रयोजनको लागि अनुमतिपत्र बिक्री भएको मानिनेछ।

४०. **<u>अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर बिक्री वा हस्तान्तरणः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो संस्थामा कायम रहेको शेयरधनीहरुको नाममा दर्ता भएको शेयरमा अरु कुनै व्यक्तिको लगानी रहेको वा अरु कुनै व्यक्ति हितग्राही भए सो समेत खुलाई परिवर्तन भएको मितिले एक महिनाभित्र प्राधिकरणलाई लिखित जानकारी गराउनु पर्नेछ।

(२) दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त संस्थाको नाममा कायम रहेको कुल शेयरको पाँच प्रतिशतभन्दा बढी शेयर बिक्री गर्नुपर्ने भएमा वा अन्य कुनै तवरबाट हस्तान्तरण वा परिवर्तन गर्नु पर्ने भएमा प्राधिकरणको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

(३) दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त संस्थाको नाममा होल्डिंग कम्पनी मार्फत लगानी गर्दा तथा त्यस्तो कम्पनीको शेयर खरिद बिक्री गर्दा समेत प्राधिकरणबाट पूर्व स्वीकृति लिई प्रचलित कानून बमोजिमका दायित्व, कर दस्तुर आदि तिर्नु बुझाउनु पर्नेछ।

४१. **<u>नेपाल सरकारको स्वामित्व हुने</u>**ः (१) जम्मा पूँजी लगानीको पचास प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त गरेको पच्चीस वर्ष अवधि समाप्त भएपछि त्यस्तो पूँजी लगानीको कम्तीमा एकाउन्न प्रतिशत स्वदेशी व्यक्ति वा स्वदेशी संस्थाको लगानी कायम गरी पूर्व अनुमतिपत्र प्राप्त व्यक्तिले पुनः अनुमतिपत्र लिई सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण गर्न नसकेमा एकीकृत दूरसञ्चार सेवासँग सम्बन्धित जग्गा, भवन, यन्त्र, उपकरण तथा संरचनामा अनुमतिपत्र प्राप्त गरेको पच्चीस वर्ष अवधि समाप्त भएपछि नेपाल सरकारको स्वामित्व हुनेछ।

(३) दफा २६, २८ र २९ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र खारेज वा रद्ध भएमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले सञ्चालन गरेको दूरसञ्चार सेवासँग सम्बन्धित दूरसञ्चार प्रणालीसँग जोडिएका जग्गा, भवन, यन्त्र, उपकरण तथा संरचनाको स्वामित्व सहित त्यस्तो दूरसञ्चार सेवा चालू हालतमा नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम नेपाल सरकारको नाममा आएको सेवा तथा सम्पत्तिको ब्यबस्थापन तोकिए बमोजिम हुनेछ।

४२. **<u>प्राधिकरणको स्वीकृति लिनु पर्नेः</u>** (१) अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम प्राधिकरणमा निवेदन दिनुअघि प्रचलित कानून बमोजिम संस्थापना हुनुपर्ने भएमा त्यसरी संस्थापनाको लागि निवेदन दिनुअघि पूर्व स्वीकृतिको लागि प्राधिकरण समक्ष तोकिए बमोजिमका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा स्वीकृति दिन उपयुक्त देखिएमा प्राधिकरणले कुनै शर्त तोकी वा नतोकी पूर्व स्वीकृति दिन सक्नेछ।

(३) अनुमतिपत्र प्राप्त कम्पनीले देहायको विषयमा निर्णय गर्नुअघि प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछः-

(क) साधारण शेयर वा अग्राधिकार शेयर निष्काशन गर्ने,
(ख) बोनश शेयर वा लाभांश वितरण गर्ने,
(ग) ऋणपत्र जारी गर्ने,
(घ) शेयर खरिदबिक्री गर्ने वा धितोबन्धक राख्ने,
(ङ) गाभिने वा प्राप्त गर्ने।

(४) उपदफा (३) को खण्ड (क) बमोजिम शेयर निष्काशन गर्ने स्वीकृति दिँदा प्राधिकरणले त्यस्तो शेयर पाँच वर्षसम्म कुनै किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी स्वीकृति दिनु पर्नेछ।

(५) साझेदारी वा संयुक्त उपक्रममा सञ्चालित अनुमतिपत्र प्राप्त फर्मले साझेदारी वा संयुक्त उपक्रममा परिवर्तन गर्ने वा कुनै तेस्रो पक्षसँग करार गर्नुअघि प्राधिकरणको स्वीकृति लिनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिको नाम परिवर्तन गर्नु अघि वा प्रबन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु अघि प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछ।

४३. **<u>चुक्ता पुँजी कायम गर्नु पर्नेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले प्राधिकरणले समय समयमा तोके बमोजिमको चुक्ता पुँजी कायम गर्नु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत अनुमतिपत्रको अवधि बाँकी रहेका सेवा प्रदायकले तोकिए बमोजिमको अवधिभित्र उपदफा (१) बमोजिमको चुक्ता पुँजी कायम गर्नु पर्नेछ।

४४. **प्राधिकरणले परीक्षण गर्न सक्नेः** (१) प्राधिकारणले अनुमतिपत्र प्राप्त व्यक्तिको वित्तीय, कानूनी, व्यावसायिक, प्राविधिक तथा आर्थिक पक्षको समय समयमा परीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्नका लागि आवश्यक कागजात तथा विवरण उपलब्ध गराउनु अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

(३) यस दफा बमोजिम परीक्षण गर्नका लागि प्राधिकरणले विषयविज्ञ सहितको तोकिए बमोजिमको एक स्वतन्त्र परीक्षण समिति गठन गर्नेछ।

## परिच्छेद-५

## अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नुपर्ने शर्तहरु

४५. **अनुमतिपत्र प्राप्त व्यक्तिले शर्त र आदेश वा निर्देशन पालना गर्नु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा तथा दूरसञ्चार पूर्वाधार सेवा सञ्चालन गर्दा यस ऐनमा लेखिए बाहेकका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन्।

(२) दूरसञ्चार सेवा सञ्चालन गर्ने सम्बन्धमा प्राधिकरणले समय समयमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तब्य हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको शर्तमा प्राधिकरणले समय समयमा थपघट वा हेरफेर गर्न सक्नेछ।

४६. **दूरसञ्चार सेवा तथा पूर्वाधार सेवा अवरुद्ध वा बन्द गर्न नहुनेः** (१) कसैले पनि दूरसञ्चार सेवा, पूर्वाधार सेवा तथा अन्य संरचना अवरुद्ध वा बन्द गर्नु हुदैन।

(२) कुनै दूरसञ्चार सेवा तथा पूर्वाधार सेवा प्रदायकले आफ्नो काबुभन्दा बाहिरको अबस्था परी सेवा अवरुद्ध वा बन्द गर्नु परेमा सोको जानकारी तत्काल प्राधिकरणलाई गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा अवरुद्ध वा बन्द गरेको जानकारी प्राप्त भएमा प्राधिकरणले सो सम्बन्धमा जाँचबुझ गरी आबश्यक निर्देशन दिन सक्नेछ।

(४) दूरसञ्चार सेवा अवरुद्ध गर्दा ग्राहकलाई असर पर्ने भएमा सेवा प्रदायकले सार्वजनिक रुपमा पूर्व सूचना जारी गर्नु पर्नेछ।

४७. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र प्राप्त गरेको छ महिना भित्र सञ्चालकहरुको तोकिए बमोजिमको विवरण प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिको सञ्चालक परिवर्तन भएमा त्यसरी परिवर्तन भएको पन्ध्र दिनभित्र सञ्चालकको उपदफा (१) बमोजिमको विवरण सहितको जानकारी प्राधिकरणलाई गराउनु पर्नेछ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहको पहिचान सम्बन्धी विवरण तयार गरी प्रत्येक वर्ष अद्यावधिक गरी प्राधिकरणमा बुझाउनु पर्नेछ।

४८. **<u>प्रतिस्पर्धा सीमित गर्न नहुनेः</u>** (१) दूरसञ्चार सेवामा प्रतिस्पर्धालाई सीमित गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी अनुमतिपत्र प्राप्त व्यक्तिहरु मिली दूरसञ्चार सेवा सञ्चालन गर्न, शुल्क निर्धारण गर्न, एक आपसमा गाभिन पाउने छैनन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र खारेज भएमा वा अनुमतिपत्र प्राप्त व्यक्ति दामासाहीमा परी वा अन्यथा कुनै कारणले दूरसञ्चार सेवा सञ्चालन गर्न नसकेमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिबाट ग्राहकलाई उपलब्ध गराइएको सेवालाई निरन्तरता दिने उद्देश्यले सो अनुमतिपत्र अन्य कुनै अनुमतिपत्र प्राप्त व्यक्तिसँग गाभिन वा त्यस्तो अनुमतिपत्र ग्रहण गर्न प्राधिकरणले अनुमति दिन सक्नेछ।

(३) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिहरू गाभिन वा त्यस्तो अनुमतिपत्र ग्रहण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **<u>भेदभाव गर्न वा सेवा प्रयोग गर्न बाध्य गराउन नहुनेः</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले देहाय बमोजिमको कुनै काम गर्न गराउन हुँदैनः-

(क) कुनै ग्राहक वा अन्य अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रश्रय दिई वा भेदभाव हुने गरी दूरसञ्चार वा पूर्वाधार सेवा सञ्चालन वा प्रयोगमा छुट्टै शर्त राख्न वा शुल्क कायम गर्न,

(ख) कुनै ग्राहक वा अन्य अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफैं वा कुनै अनुमतिपत्र प्राप्त व्यक्तिबाट मात्र कुनै दूरसञ्चार सेवा वा पूर्वाधार प्रयोग वा खरिद गर्न बाध्य गराउन,

(ग) अनुचित लाभ लिने उद्देश्यले अनुमतिपत्र प्राप्त व्यक्तिहरु बीच स्वस्थ प्रतिस्पर्धालाई रोक्ने, आँच पुर्याउने, अवरोध खडा गर्ने, सीमित गर्ने जस्ता कार्यहरु गरी आफ्नो प्रभुत्व कायम गर्न,

**<u>स्पष्टीकरणः</u>** यस खण्डको प्रयोजनको लागि "आफ्नो प्रभुत्व कायम गर्ने" भन्नाले दूरसञ्चार सेवा सञ्चालक वा दूरसञ्चार पूर्वाधार सञ्चालकले कुनै अनुमतिपत्र प्राप्त व्यक्तिलाई दूरसञ्चार पूर्वाधार स्थापना गर्न, दूरसञ्चार सेवा सञ्चालन तथा विस्तार गर्न वा त्यस्तो सेवा सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष अवरोध खडा हुने कुनै क्रियाकलाप सम्झनु पर्छ।

(घ) दूरसञ्चार सेवा सञ्चालनमा पूर्व शर्त राखी सम्झौता गर्न वा कुनै विषयमा सम्झौता गर्दा असम्बन्धित शर्त राख्न।

५०. **<u>रोयल्टी बुझाउनु पर्नेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक वर्ष आफ्नो दूरसञ्चार सेवाबाट प्राप्त कूल आम्दानीको चार प्रतिशतले हुने रकम नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ।

(२) यस दफा बमोजिमको रोयल्टी बुझाउनु पर्ने तरिका र अवधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको अबधि भित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ।

५१. **<u>निर्देशित क्षेत्रमा दूरसञ्चार सेवा विकास, विस्तार र सञ्चालन गर्नु पर्ने:</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारको नीति अनुरुप प्राधिकरणले तोकेको क्षेत्रमा तोकिएको दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालन गर्नु पर्नेछ।

५२. **<u>ग्रामीण दूरसञ्चार विकास कोष सम्बन्धी व्यवस्थाः</u>** (१) दूरसञ्चार सेवामा सबैको पहुँचलाई सुनिश्चित गर्न, दूरसञ्चार सेवा विस्तार गर्न तथा दूरसञ्चार पूर्वाधार विकास, विस्तार र सञ्चालनका लागि नेपाल सरकारले एक ग्रामीण दूरसञ्चार विकास कोष खडा गर्नेछ र अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशत रकम प्रत्येक वर्ष सो कोषमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम नेपाल सरकारको दूरसञ्चारसँग सम्बन्धित नीतिको अधिनमा रही दूरसञ्चार सेवाको पहुँच नपुगेको स्थानमा दूरसञ्चार सेवा तथा दूरसञ्चार पूर्वाधारको विकास, विस्तार र सञ्चालन गर्नका लागि ग्रामीण दूरसञ्चार विकास आयोजना/कार्यक्रम मार्फत प्रयोग गर्नु पर्नेछ र आयोजना/कार्यक्रमको संरचना, काम, कर्तव्य तथा अधिकार तोकिए वमोजिम हुनेछ ।

(३) ग्रामीण दूरसञ्चार विकास कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार, सुबिधा तथा सेवा शुल्क सम्बन्धी व्यवस्था</u>

५३. **<u>जग्गा प्रयोग गर्ने अधिकार:</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा निजको प्रतिनिधिले कुनै सार्वजनिक वा निजी जग्गामा भूमिगत दूरसञ्चार पूर्वाधार स्थापना गर्न वा लैजान तथा त्यस्तो जग्गा माथि दूरसञ्चार लाइन जडान गर्न वा राख्न र रेखदेख गर्न सक्नेछ र त्यसको प्रयोजनको लागि पोल वा लट्ठा गाड्न, त्यस्तो जग्गामा भएको रुखमा कुनै कुरा अड्याउने वस्तु वा टेवा राख्न वा कुनै रुखले दूरसञ्चार लाइनलाई बाधा पुग्ने, हानि नोक्सानी हुने वा अवरोध गर्ने भएमा त्यस्तो रुख हटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दूरसञ्चार लाइन जडान गरिने वा गरिएको जग्गा व्यक्तिको निजी सम्पत्ति भएमा त्यस्तो व्यक्तिलाई मर्का नपर्ने गरी उचित र उपयुक्त स्थानमा जडान गर्नु पर्नेछ र त्यसरी जडान गर्दा निजको कुनै सम्पत्तिको हानि नोक्सानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले मनासिब क्षतिपूर्ति तिर्नु पर्नेछ।

तर त्यसरी दूरसञ्चार लाइन जडान गरिएको वा गरिने जग्गा सार्वजनिक भएमा त्यसको लागि कुनै क्षतिपूर्ति तिर्नु पर्ने छैन र त्यसमा जडित वा निर्मित सार्वजनिक सम्पत्ति हानि नोक्सानी भएकोमा भने अनुमतिपत्र प्राप्त व्यक्तिले त्यसको मर्मत, सुधार वा पूनः निर्माण गरी यथास्थितिमा ल्याई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दूरसञ्चार लाइन राखिएको ठाउँ वा सो प्रयोग वा जडान भएको जग्गामा अनुमतिपत्र प्राप्त व्यक्तिलाई सो दूरसञ्चार प्रणाली प्रयोगकर्ताको हैसियत बाहेक अन्य अधिकार हुने छैन।

(४) उपदफा (१) बमोजिम सार्वजनिक वा निजी जग्गा प्रयोग गर्दा वा वन क्षेत्रको रूख कटान गर्दा प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकाय वा व्यक्तिको सहमति लिनु पर्नेछ।

(५) यस दफामा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि ठूला दूरसञ्चार पूर्वाधार सार्वजनिक स्थानमा निर्माण, सञ्चालन, जडान गर्दा प्राधिकरण मार्फत तोकिए बमोजिम सम्बन्धित निकायबाट राइट अफ वेको स्वीकृति लिनु पर्नेछ।

५४. **दूरसञ्चार प्रणाली जाँच्न, मर्मत गर्न वा एक ठाउँबाट अर्को ठाउँमा सार्न सक्ने अधिकारः** अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गाडेको वा जडान गरेको दूरसञ्चार प्रणाली वा उपकरण आवश्यकता अनुसार एक ठाउँबाट अर्को ठाउँमा सार्न, जाँच्न वा मर्मत सुधार गर्न सक्नेछ र त्यसको लागि त्यस्तो दूरसञ्चार प्रणाली वा उपकरण भएको जग्गामा प्रवेश गर्ने अधिकार हुनेछ।

तर त्यसरी दूरसञ्चार प्रणाली मर्मत, सुधार गर्दा कसैलाई कुनै हानि नोक्सानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

५५. **अन्य व्यक्तिको घर जग्गामा प्रवेश गर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालनको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्नु पर्नेछ। त्यसरी प्रवेश गर्दा कुनै हानि नोक्सानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

तर कुनै घर जग्गामा दूरसञ्चार सेवा अनधिकृत रुपमा प्रयोग वा चोरी भईरहेको शङ्का हुने मनासिब कारण भई सो कुराको जाँचबुझ गर्नुपर्ने भएमा तत्काल लिखित सूचना दिई सम्बन्धित घर जग्गामा प्रवेश गर्न सकिनेछ।

५६. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) दफा ४७, ४८ र ४९ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले उक्त काम भए गरेको मितिले पन्ध्र दिनभित्र क्षतिपूर्ति निर्धारण गरी सम्बन्धित व्यक्तिलाई सो क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्तिको रकम उचित र मनासिब हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सोको कारण खुलाई तीस दिनभित्र प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ। त्यस्तो निवेदनमा प्राधिकरणबाट भएको निर्णय अन्तिम हुनेछ।

५७. **अन्य व्यक्तिको घर जग्गा उपयोग वा प्राप्तिः** (१) दूरसञ्चार सेवा विस्तार वा वितरणका लागि अरु कसैको घर जग्गा उपयोग वा प्राप्त गर्न आवश्यक परी अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिसँग घर जग्गा प्राप्त वा उपयोग गर्न नसकेमा सोही व्यहोरा खुलाई त्यस्तो घर जग्गा प्राप्ति वा उपयोगको लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि प्राधिकरणले आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदनमा उल्लिखित घर जग्गा प्राप्त गराई दिन आवश्यक र उपयुक्त देखेमा प्राधिकरणले त्यस्तो निवेदन प्राप्त भएको तीस दिनभित्र नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणको सिफारिस प्राप्त भएपछि नेपाल सरकारले प्रचलित कानून बमोजिम संगठित संस्थालाई जग्गा उपलब्ध गराए सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ। सरकारी जग्गा भएमा अनुमतिपत्रको अवधिका लागि पट्टा (लिज) मा उपलब्ध गराई दिन सक्नेछ।

५८. **निश्चित अवधिको लागि सेवा बन्द सम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा निश्चित अवधिको लागि बन्द गर्न सक्नेछः-

(क) दूरसञ्चार लाइन वा दूरसञ्चार प्रणालीको जाँचबुझ, मर्मत सुधार वा विस्तार वा अन्य कुनै महत्वपूर्ण काम गर्नु परेमा,

(ख) कुनै ग्राहकले बुझाउनु पर्ने शुल्क नबुझाएमा त्यस्तो ग्राहकको हकमा,

(ग) कुनै ग्राहकले अनधिकृत रुपमा वा शर्त विपरीत सेवा उपभोग गरेमा त्यस्तो ग्राहकको हकमा,

(घ) प्राकृतिक प्रकोप, हुलदङ्गा तथा काबू बाहिरको असाधारण स्थिति परेमा।

(२) उपदफा (१) बमोजिम दूरसञ्चार सेवा बन्द गर्दा बन्द हुने समय अगावै उपयुक्त समयमा सार्वजनिक सूचना जारी गर्नुपर्नेछ।

५९. **सेवा शुल्कः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई दूरसञ्चार सेवा तथा पूर्वाधार सेवा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन र असुल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्कको दर सेवा प्रदायकको वास्तविक रुपमा हुन गएको खर्च तथा आर्थिक र प्राविधिक पक्षको विश्लेषणका आधारमा निर्धारण गरी प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत सेवा शुल्कको दर प्राधिकरणले निर्देश गरे बमोजिम सार्वजनिक गर्नुपर्नेछ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले प्रदान गरेको दूरसञ्चार सेवाको शुल्क तथा अन्य शर्तको सम्वन्धमा अनुचित रुपमा भेदभाव गर्न वा आफू समेत कुनै व्यक्तिलाई अनुचित प्राथमिकता दिन वा कुनै व्यक्तिलाई अनुचित नोक्सानीमा पार्न हुँदैन।

६०. **विदेशी विनिमय सुविधाः** (१) दूरसञ्चार सेवा प्रदान गर्नको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्न आवश्यक विदेशी मुद्रा नेपाल सरकारले प्रचलित विदेशी विनिमय दर बमोजिम उपलब्ध गराउनेछ।

(२) दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक उपकरणहरु विदेशबाट आयात गर्नु पर्ने भएमा त्यसको लागि आवश्यक विदेशी मुद्रा नेपाल सरकारले प्रचलित दरभाउमा उपलब्ध गराउनेछ।

(३) दूरसञ्चार सेवा सञ्चालनको लागि दूरसञ्चारसँग सम्बन्धित विदेशी संस्थाबाट सदस्यता लिंदा वा विदेशी व्यक्ति वा संस्थासँग सम्झौता गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिलाई लाग्ने विदेशी मुद्रा प्राधिकरणको सिफारिशमा नेपाल सरकारले उपलब्ध गराउनेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले विदेशी संस्थासँग सम्झौता गर्नुपूर्व प्राधिकरणबाट सहमति लिनु पर्नेछ।

## परिच्छेद-७

## फ्रिक्वेन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था

६१. **फ्रिक्वेन्सी नीति तथा मूल्य निर्धारण सम्बन्धी व्यवस्थाः** (१) दूरसञ्चार सेवाको फ्रिक्वेन्सी सम्बन्धी नीति निर्धारण, बाँडफाँट तथा मूल्य निर्धारण गर्नको लागि देहाय बमोजिम एक फ्रिक्वेन्सी नीति निर्धारण समिति रहनेछः-

(क) सञ्चार तथा सूचना प्रविधि मन्त्री जवा राज्यमन्त्री - अध्यक्ष
(ख) सचिव, मन्त्रालय - सदस्य
(ग) अध्यक्ष, प्राधिकरण - सदस्य
(घ) प्राधिकरणको कम्तीमा अधिकृतस्तर प्रथम श्रेणीको प्राविधिक कर्मचारी - सदस्य
(ङ) मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको प्राविधिक कर्मचारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आबश्यकता परेमा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) रेडियो फ्रिक्वेन्सी नीति तथा मूल्य निर्धारण गर्ने,
(ख) विभिन्न सेवाको लागि रेडियो फ्रिक्वेन्सी निर्धारण तथा बाँडफाँट गर्ने,
(ग) रेडियो फ्रिक्वेन्सीको अन्तर्राष्ट्रिय तथा बहुउद्देश्यीय समन्वयको लागि नीति तय गर्ने।

(४) उपदफा (१) बमोजिमको समितिले आफ्नो काममा आबश्यक अध्ययन गर्न, सल्लाह, सुझाब दिनका लागि तोकिए बमोजिम उपसमिति गठन गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम गठित समितिको अन्य काम, कर्तव्य र अधिकार एबं बैठक सम्बन्धी कार्यविधि तथा सचिवालयको संरचना सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **दूरसञ्चार सेवाको फ्रिक्वेन्सी वितरणः** (१) दफा ५५ को उपदफा (१) बमोजिमको समितिले स्वीकृत गरेको नीतिको अधिनमा रही दूरसञ्चार सेवाको निमित्त प्रयोग हुने फ्रिक्वेन्सी प्राधिकरणले वितरण गर्नेछ।

(२) दूरसञ्चार सेवामा प्रयोग हुने फ्रिक्वेन्सी बापत प्राप्त हुने दस्तुर नेपाल सरकारको राजश्व खातामा दाखिला गर्नु पर्नेछ।

(३) दूरसञ्चार सेवाको फ्रिक्वेन्सी वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## <u>कोष, लेखा र लेखापरीक्षण</u>

६३. **<u>प्राधिकरणको कोषः</u>** (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, वार्षिक दस्तुर, अनुमतिपत्र संशोधन, बिक्री वा हक हस्तान्तरण बापत प्राप्त दस्तुर,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम प्राप्त हुने रकम कोषमा दाखिला गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) प्राधिकरणको कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकमा जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन प्राधिकरणले तोके बमोजिम हुनेछ।

६४. **<u>बजेट र खर्चः</u>** (१) प्राधिकरणले नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट समेतलाई ध्यानमा राखी यस ऐन बमोजिम कार्य सञ्चालन गर्न प्रत्येक आर्थिक वर्षको लागि आवश्यक पर्ने कार्यक्रम र बजेट तयार गरी स्वीकृतीको लागि असार महिना भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणबाट प्राप्त वार्षिक कार्यक्रम र बजेट मन्त्रालयले स्वीकृत गर्नेछ।

(३) प्राधिकरणका सबै खर्चहरु उपदफा (१) बमोजिम स्वीकृत बजेट तथा प्रचलित कानूनको अधीनमा रही प्राधिकरणको कोषबाट व्यहोरिनेछ।

६५. **<u>प्राधिकरणको लेखा र लेखापरीक्षणः</u>** (१) प्राधिकरणको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) प्राधिकरणको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै बखत पनि प्राधिकरणको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।

## परिच्छेद—९

## <u>कसूर, सजाय र पुनरावेदन</u>

६६. **<u>कसूरः</u>** कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) अनुमतिपत्र नलिई दूरसञ्चार सेवा तथा पूर्वाधार सेवा सञ्चालन गरेमा,

(ख) अनुमतिपत्रमा उल्लिखित शर्तको पालना नगरेमा वा उल्लङ्घन गरेमा,

(ग) दफा २० को उपदफा (१) तथा दफा ४५ को उपदफा (२) बमोजिम दिएको आदेश पालना नगरेमा,

(घ) दफा ४२ को उपदफा (२) बमोजिम प्राधिकरणको पूर्व स्वीकृति नलिएमा,

(ङ) दफा ४२ को उपदफा (३) बमोजिम प्राधिकरणको पूर्व स्वीकृति नलिएमा,

(च) दफा ४४ विपरीत प्राधिकरणलाई झुट्टा विवरण दिएमा,

(छ) दफा ४७ को उपदफा (३) विपरीत सेवा प्रदायकले ग्राहकको पहिचान सम्बन्धी विवरण तयार गरी प्राधिकरणमा नबुझाएमा,

(ज) दफा ५८ बिपरीत कुनै दूरसञ्चार सेवा प्रदायकले दूरसञ्चार सेवा, दूरसञ्चार पूर्वाधार तथा अन्य सेवा अवरुद्ध वा बन्द गरेमा,

(झ) दफा ४८ विपरीत प्रतिस्पर्धा सीमित गर्ने काम कारबाही गरेमा,

(ञ) दफा ४९ विपरीत भेदभाव गरेमा, पारस्परिक अनुदान (क्रस सब्सीडी) दिएमा वा सेवा प्रयोग गर्न बाध्य गराएमा,

(ट) दफा ८२ बमोजिम नेटवर्क अन्तरआवद्धता गर्न अस्वीकार गरेमा,

(ठ) दूरसञ्चार सेवाको दुरुपयोग गरेमा वा अनधिकृत रुपमा प्रयोग गरेमा,

(ड) दूरसञ्चार सेवाको माध्यमबाट गाली गर्ने, धम्क्याउने वा अनावश्यक दुःख दिने कार्य गरेमा,

(ढ) बदनियत साथ दूरसञ्चार लाइन, दूरसञ्चार प्रणाली वा सोसँग सम्बन्धित अन्य कुनै नेटवर्क वा उपकरण तथा पूर्वाधारमा प्रतिकूल असर पर्ने गरी कुनै काम बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कामको लागि दुरुत्साहन गरेमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा,

(ण) यस दफामा लेखिए बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली तथा प्राधिकरणले जारी गरेको विनियमावली तथा निर्देशिका वा समय समयमा दिएको आदेश तथा निर्देशनको उल्लङ्घन गरेमा।

६७. **सजायः** देहाय बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ६६ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पच्चीस लाख देखि एक करोड रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुबै सजाय गरी सेवा बन्द गर्ने,

(ख) दफा ६६ को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई पच्चीस लाख रुपैयाँ देखि एक करोड रुपैयाँसम्म जरिवाना,

(ग) दफा ६६ को खण्ड (च), (छ), (ज) र (झ) बमोजिमको कसूर गर्नेलाई कसुरको मात्र हेरी पाँच लाख देखि एक करोड रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सेवा बन्द गर्ने,

(घ) दफा ६६ को खण्ड (ञ), (ट) र (ठ) बमोजिमको कसूर गर्नेलाई एक करोड देखि दश करोड रुपैयाँसम्म जरिवाना,

(ङ) दफा ६६ को खण्ड (ड) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार हानी नोक्सानीको बिगो असुल गरी बिगो बमोजिम जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय,

(च) दफा ६६ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिवाना।

६८. **अनुमतिपत्र खारेज गर्न सकिनेः** (१) देहायको अवस्थामा प्राधिकरणले प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्ति प्रचलित कानून बमोजिम दामासाहीमा परेमा वा विघटन भएमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन, नियमावली तथा अनुमतिपत्रमा उल्लेखित अवधिभित्र दूरसञ्चार सेवा वा पूर्वाधार/नेटवर्क सञ्चालन नगरेमा वा त्यस्तो सेवा वा पूर्वाधार/नेटवर्क सञ्चालनको लागि आवश्यक पूर्वाधार संरचनाको विकास नगरेमा,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम बुझाउनु पर्ने वार्षिक दस्तुर, रोयल्टी, दूरसञ्चार विकास कोष रकम लगायतका अन्य दस्तुर तोकिएको म्याद भित्र नबुझाएमा,

(घ) दफा ४६ बिपरीत सेवा बन्द गरेमा,

(ङ) दफा ६६ बमोजिमको कसूर पटक, पटक गरेमा,

(च) अनुमतिपत्र प्राप्त व्यक्तिले खारेज गर्नु पर्नाको उचित कारण सहित निवेदन दिएमा।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र अनुमतिपत्रमा उल्लिखित शर्त विपरीत कुनै काम गरेमा वा प्राधिकरणले समय समयमा दिएको आदेश वा निर्देशनको पालना नगरेमा प्राधिकरणले निश्चित अवधि तोकी सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले सो आदेश बमोजिमको काम नगरेमा प्राधिकरणले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्नसक्नेछ।

(४) उपदफा (१) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(५) यस दफा बमोजिम प्राधिकरणले अनुमतिपत्र खारेज गरेकोमा चित्त नबुझ्ने व्यक्तिले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष उजुरी दिन सक्नेछ।

६९. **जफत गरिने:** कसैले यस ऐन बमोजिम कसूर हुने काम कारबाही गरेमा त्यस्तो काम कारबाहीमा प्रयोग भएका उपकरणहरु जफत गरिनेछ।

७०. **बिगो वा क्षतिपूर्ति भराई दिन सक्ने:** कुनै व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गरेको वा प्राधिकरणले दिएको आदेश वा निर्देशनको पालना नगरेको कारणबाट कसैलाई हानि नोक्सानी भएमा प्राधिकरणले त्यस्तो हानी नोक्सानीको बिगो वा सो बापत क्षतिपूर्ति समेत भराई दिन सक्नेछ।

७१. **प्राधिकरणले सेवा बन्द गराउन सक्ने:** कुनै व्यक्तिले दूरसञ्चार सेवाको माध्यमबाट गाली गलौज गर्ने, धम्काउने वा अनावश्यक दुःख दिने गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिको सेवा बन्द गराउन सेवा प्रदायकलाई निर्देशन दिन सक्नेछ।

तर दूरसञ्चार सेवा बन्द गर्नु भन्दा अघि सम्बन्धित व्यक्तिलाई सफाईको उचित मौका दिनु पर्नेछ।

७२. **मुख्य भई काम गर्नेले कसूर गरेको मानिने:** अनुमतिपत्र प्राप्त व्यक्ति वा कुनै फर्म, कम्पनी वा संस्थाले यस ऐन बमोजिम कसूर मानिने कुनै काम गरेमा त्यस्तो संस्थाको हकमा त्यस्तो काम गर्दाका बखत कायम रहेका त्यस्ता संस्थाका हिस्सेदार वा सङ्गठित संस्थाको अध्यक्ष वा सञ्चालक समितिका सदस्य वा महाप्रबन्धक वा प्रबन्ध निर्देशक वा सोही हैसियतमा मुख्य भई काम गर्ने अन्य व्यक्तिले त्यस्तो कसूर गरेको मानिनेछ।

तर मुख्य भई काम गर्ने व्यक्ति नियुक्ति हुनु अगावै भए गरेको काम वा सो काम गर्ने निर्णय त्यसरी मुख्य भई काम गर्ने व्यक्तिको मञ्जुरी बिना भएको हो भन्ने कुरा प्रमाणित भएमा जसले त्यस्तो काम गरेको छ सोही व्यक्तिले कसूर गरेको मानिनेछ।

७३. **कसूर गर्न दुरुत्साहन गर्नेलाई सजाय**ः कसैले यस ऐन बमोजिमको कुनै कसूर गर्न कसैलाई दुरुत्साहन गरेमा वा त्यस्तो कसूर गर्न उद्योग गरेमा वा षडयन्त्रमा संलग्न भएमा त्यस्तो व्यक्तिलाई मुख्य कसूरदारलाई भए सरहको सजाय बराबरको सजाय हुनेछ।

७४. **मतियारलाई सजाय:** यस ऐन बमोजिमको कुनै कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई भएको सजायको आधा सजाय हुनेछ।

७५. **सङ्गठित संस्थाबाट भएको कसूर:** कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यस ऐन वा कानून बमोजिम कसूर मानिने कुनै काम गरेको वा गराएकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरु र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ।

७६. **मुद्दा हेर्ने अधिकारी:** (१) दफा ६६ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ड) र (ढ) बमोजिमको कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्राधिकरणलाई हुनेछ। यसरी कारबाही गर्दा प्राधिकरणलाई अदालतलाई भए सरहको अधिकार हुनेछ।

(२) दफा ६६ को खण्ड (क), (ञ), (ट) र (ठ) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

७७. **<u>नेपाल सरकार वादी हुने:</u>** दफा ७६ को उपदफा (२) मा उल्लिखित मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ।

७८. **<u>पुनरावेदन:</u>** दफा ७६ को उपदफा (१) बमोजिमको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले तीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद—१०
## विविध

७९. **<u>गुणस्तर कायम गर्नुपर्ने:</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्दा प्राधिकरणले निर्धारण गरे बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित गुणस्तर कायम नगरेको कारणबाट ग्राहकलाई हानी नोक्सानी भएमा प्राधिकरणले त्यस्तो हानी नोक्सानीको बिगो वा सो बापतको क्षतिपूर्ति सेवा प्रदायकबाट भराई दिन सक्नेछ।

(३) प्राधिकरणले दूरसञ्चार सेवाका ग्राहकको गुनासो लिने तथा सोको सम्वोधन गर्ने उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

(४) गुणस्तर सम्बन्धी गुनासो सम्बोधन तथा क्षतिपूर्ति भराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८०. **<u>नम्बरिङ्ग सम्बन्धी व्यवस्था:</u>** (१) प्राधिकरणले दूरसञ्चार सेवाको लागि आवश्यक पर्ने नम्बरिङ सम्बन्धी योजना बनाई लागू गर्नु पर्नेछ।

(२) नम्बरिङ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८१. **<u>डिजिटल सेवा सञ्चालन सम्बन्धी व्यवस्था:</u>** (१) दूरसञ्चार सम्बन्धित डिजिटल सेवा सञ्चालन गर्नका लागि आबश्यक नियमन सम्बन्धी ब्यबस्था बनाई प्राधिकरणले लागू गर्न सक्नेछ।

(२) डिजिटल सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८२. **<u>नेटवर्क अन्तर आवद्धता सम्बन्धी व्यवस्था:</u>** (१) कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले विकास गरेको नेटवर्क अर्को अनुमतिपत्र प्राप्त व्यक्तिले विकास गरेको नेटवर्कसँग अन्तरआबद्धता गरी प्रयोग गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिम नेटवर्क अन्तरआवद्धता गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिहरु बीच आपसमा सम्झौता गर्नु पर्नेछ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले नेटवर्क अन्तरआबद्धता गर्ने सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

८३. **सेवा प्रदायकको प्रणालीमा सोझै पहुँच सम्बन्धी व्यवस्था:** (१) नेपालको सार्बभौमसत्ता, अखण्डता एबं राष्ट्रिय हित बिपरित तथा राज्यद्रोह, अपराध वा संगठित अपराध वा फौजदारी अपराध गरेको बिषयमा नेपाल सरकारको अधिकार प्राप्त अनुसन्धान गर्ने निकायले सम्बन्धित व्यक्तिको पहिचान खुल्ने तथा सेवा सम्बन्धी अन्य सम्पूर्ण बिबरणहरु अनुसन्धानको लागि सेवा प्रदायकहरूबाट प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि उपयुक्त प्रविधिको प्रयोग गरी सेवा प्रदायकहरुको प्रणालीमा सोझै पहुँच पाउने गरी संयन्त्र जडान गर्न र सूचनामा पहुँच पाउने व्यवस्था दुरुपयोग नहुने गरी तोकिए बमोजिम हुनेछ।

८४. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:** (१) प्राधिकरणले आफूले गर्नु पर्ने कार्य सुचारु रुपले सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ।

८५. **सञ्चार सम्पर्क निष्कृय गर्न सकिने:** (१) कुनै व्यक्तिले कुनै अपराध गर्न टेलिफोन,  मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरिरहेको वा गर्न लागेको वा विद्युतीय वा अन्य कुनै सञ्चारमाध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरिरहेको छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो अपराधको अनुसन्धान गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चारमाध्यम निष्कृय गर्न वा फोन वा सञ्चारसम्पर्क नहुने व्यवस्था गर्न सम्बन्धित निकाय, अधिकारी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार निष्कृय गर्नु वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्नुपर्नेछ।

८६. **टेलिफोन वा सञ्चारको विवरण माग गर्न सक्ने:** (१) कुनै व्यक्तिले कुनै अपराध गर्न टेलिफोन, मोबाइल वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरेको वा विद्युतीय वा अन्य कुनै सञ्चारमाध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरेको पाइएमा त्यस्तो अपराधको अनुसन्धान गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई त्यस्तो टेलिफोन, मोबाइल वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराई दिन सम्बन्धित अधिकारी, निकाय वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल वा दूरसञ्चार माध्यम वा सोबाट भएको सञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउनु पर्नेछ।

८७. **शपथ ग्रहण गर्नु पर्ने:** आफ्नो पदीय कार्यभार सम्हाल्नु अघि अध्यक्ष तथा सदस्यले सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री समक्ष अनुसूचीमा लेखिए बमोजिम शपथ ग्रहण गर्नुपर्नेछ।

८८. **प्राधिकरणको काम कारबाही बदर नहुने:** प्राधिकरणको कुनै सदस्यको स्थान रिक्त रहेको वा प्राधिकरणको गठनमा कुनै त्रुटि भएको कारणले मात्र प्राधिकरणबाट भए गरेको काम कारबाही बदर हुने छैन।

८९. **<u>मुद्दा नचलाइने:</u>** प्राधिकरणले वा प्राधिकरणको कुनै सदस्य वा कर्मचारीले वा प्राधिकरणद्वारा खटाइएको वा अधिकार प्रत्यायोजन गरेको कुनै कर्मचारी वा कार्यालयले यस ऐन अन्तर्गत असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा कुनै अदालतमा मुद्दा चलाइने छैन।

९०. **<u>वार्षिक प्रतिवेदन:</u>** (१) प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो आय व्ययको विवरण सहित सो वर्ष भरमा आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरेको वार्षिक प्रतिवेदन प्राधिकरणले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

९१. **<u>अधिकार प्रत्यायोजन:</u>** प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार अध्यक्ष, दफा ८४ बमोजिम गठित उपसमिति वा कार्यटोली वा प्राधिकरणका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९२. **<u>नेपाल सरकारसँग सम्पर्क:</u>** प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

९३. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यो ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

९४. **<u>बाधा अड्काउ फुकाउने अधिकार:</u>** (१) यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको व्यवस्थासँग नबाझिने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको प्रत्येक आदेश संघीय संसदमा पेश गर्नुपर्नेछ।

९५. **<u>नियम बनाउने अधिकार:</u>** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९६. **<u>विनियम एवं निर्देशिका बनाउने अधिकार:</u>** प्राधिकरणले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयको सहमतिमा आवश्यक विनियम एवं निर्देशिका बनाउन सक्नेछ।

९७. **<u>खारेजी र बचाउ:</u>** (१) दूरसञ्चार ऐन, २०५३ खारेज गरिएको छ।

(२) दूरसञ्चार ऐन, २०५३ बमोजिम भए गरेको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा ८७ सँग सम्बन्धित)

**शपथ**

म ............................................. ईश्वरलाई साक्षी राखी/सत्य निष्ठा पूर्वक शपथ लिन्छु। म दूरसञ्चार ऐन, २०८१ प्रति निष्ठावान् रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, धम्की, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारी साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै पनि अवस्थामा प्रकट गर्ने छैन।

मितिः

हस्ताक्षर